# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ | २६०४
४-२६२८०१, ४२५८१२२ | २६०५
४-२६२८९५, ४-२५०३१६ | २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या २०७४/७५
च.नं. ९७५८

सर्वोच्च अदालत काठमाडौं

मिति २०७५।३।१७

श्री उच्च अदालतहरू सवै,
श्री उच्च अदालतका अर्को इजलासहरू तथा अस्थायी इजलासहरू सवै,
श्री विषेश अदालत काठमाण्डौ,
श्री राजश्व न्यायाधिकरणहरू सवै,
श्री बैदेशिक रोजगार न्यायाधिकरण,
श्री श्रम अदालत,
श्री प्रशासकिय अदालत र
श्री जिल्ला अदालत सवै ।

**विषय:- वार्षिक कार्ययोजना तर्जुमा सम्बन्धमा ।**

न्यायपालिकाको योजनावद्ध विकास गर्ने उद्देश्यले २०६१ साल देखि आवधिक रुपमा रणनीतिक योजना तर्जुमा गरी योजनाले लिएको लक्ष्य तथा निर्दिष्ट गरिएको रणनीतिक क्रियाकलापहरुलाई वार्षिक कार्यान्वयन योजनाको माध्यमबाट कार्यान्वयन गरिंदै आएको व्यहोरा अवगतनै छ । न्यायपालिकाको चालु पञ्चवर्षीय रणनीतिक योजना बमोजिम निर्धारण गरिएका लक्ष्य हासिल गर्न आगामी आर्थिक वर्ष २०७५।०७६ मा बिभिन्न अदालतहरुले सम्पन्न गर्नु पर्ने क्रियाकलापहरु समावेश गरी वार्षिक कार्ययोजना तर्जुमा सम्बन्धमा अनुसन्धान तथा योजना समितिमा मिति २०७५।३।१५ मा छलफल हुँदा निम्न विषय समावेश गरी पत्राचार गर्ने निर्णय भएको छ । तसर्थ तहाँ अदालतको **"वार्षिक कार्ययोजना योजना,२०७५।०७६"** तर्जुमा देहायका निर्देशन समेतलाई आधार लिई गर्नु गराउनु हुन समितिको निर्णयानुसार अनुरोध गर्दछु।

<u>देहाय:</u>

१. न्यायपालिकाको तेस्रो रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन प्रतिवेदन(२०७१-०७६) द्वारा निर्दिष्ट गरिए बमोजिमका कार्यसम्पादन सूचकका आधारमा संख्यात्मक र आवधिक लक्ष्य एवम् रणनीतिक क्रियाकलापहरु समावेश गरी सबै अदालतहरुले गत आर्थिक वर्षको वार्षिक कार्यान्वयन योजनाको समिक्षा सहित आगामी आर्थिक वर्ष २०७५।०७६ का लागि आ-आफ्नो अदालतको वार्षिक कार्यायोजना तर्जुमा गरी पूर्ण बैठकबाट पारित गराई साउन १ गते देखि कार्यान्वयन गर्नुहोला।(**कार्ययोजना सम्बन्धी फारामहरु सर्वोच्च अदालतको Website मा राखिएको छ)**

# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ } २६०४
४-२६२८०१, ४२५८१२२ } २६०५
४-२६२८९५, ४-२५०३१६ } २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं.

२. वार्षिक कार्ययोजनाको पहिलो परिच्छेदमा पृष्ठभूमि एवम् तर्जुमा विधि, दोस्रो परिच्छेदमा गत आर्थिक वर्षको निर्धारित लक्ष्य र प्रगतिको समिक्षा तथा प्रगति हासिल हुन नसकेका कारण, परिच्छेद तीनमा वर्तमानको वस्तुस्थिति विश्लेषण र सम्बोधन गर्नुपर्ने विषयहरुको पहिचान, परिच्छेद चारमा वार्षिक लक्ष्य निर्धारण तथा वार्षक लक्ष्य बमोजिमको मासिक कार्यतालिका र परिच्छेद पाँचमा रणनीतिक क्रियाकलापहरु समावेश गर्नुहोला ।

३. यस आर्थिक बर्षदेखि विषयगत मन्त्रालय वजेट सूचना प्रणाली (LMBIS) मार्फत आगामी आर्थिक वर्ष २०७५।०७६ मा सम्बन्धित अदालतलाई प्राप्त बजेट सिमाको जानकारी हुने हुँदा उपलव्ध वजेटलाई योजनाका क्रियाकलापसंग आवद्धहुने गरि प्राप्त रकम कुन शिर्षकमा कति समयावधि भित्र कुन चौमासिकमा खर्च गरिने हो? स्पष्ट खुलाई कार्ययोजना तर्जुमा गर्नुहोला ।

४. उच्च तथा जिल्ला अदालतहरुले कार्ययोजना तर्जुमा गरी १-१ प्रति सर्वोच्च अदालतको अनुसन्धान तथा योजना महाशाखामा र जिल्ला अदालतहरुले सम्बन्धित उच्च अदालतमा समेत १-१ प्रति पठाउनुहोला।

५. उच्च अदालतले आफ्नो मातहत जिल्ला अदालतहरुको कार्ययोजनामा चालु रणनीतिक योजना बमोजिम लक्ष्य तथा क्रियाकलापहरु समावेश गरिएको छ छैन? निरीक्षण गरी रणनीतिक योजना अनुसारको लक्ष्य एवम् क्रियाकलापहरु समावेश नगरिएको भए योजना बमोजिम लक्ष्य एवम् क्रियाकलापहरु परिमार्जन गर्न लगाई कार्यान्वयन गर्न लगाउनुहोला ।

६. यस आर्थिक वर्षको कार्यान्वयन अवधिमा चौथो योजना तर्जुमा प्रक्रिया प्रारम्भ हुने भएकोले रणनीतिक रुपमा सम्वोधन गर्नुपर्ने विषय र केन्द्रिय कार्यक्रममा समावेश हुने प्रकृतिका क्रियाकलापहरु (जस्तै: नयाँ भवन निर्माण, जग्गा खरिद, कुनै भौतिक संरचनाको निर्माण, गाडी खरिद आदि) पहिचान गरी सोको सूचक, कार्यान्वयन अवधि, अनुमानित लागत लगायतका विषय खुलाई कार्ययोजनाको छुट्टै परिच्छेदमा समावेश गर्नुहोला ।

भद्रकाली पोखरेल
सह रजिष्ट्रार